# आर्थिक बर्ष २०७८/०७९ को बजेट

## हँसपुर नगरपालिकाको आठौ नगर सभामा २०७८/०३/०५ गते नगर उप–प्रमुख श्री रेणु देवी झा ज्यूले प्रस्तुत गर्नु भएको बजेट बक्तव्य

हँसपुर नगरपालिका

बघचौडा, धनुषा

प्रदेश नं. २ नेपाल

२०७८

१. चालु आ.व. २०७८।०७९ को बजेट यस नगरपालिकाका जनताको प्रतिनिधिमूलक तथा गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशीको अनुभुति भएको छ ।

२. यस घडीमा सर्व प्रथम संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष र पटक-पटकको मधेश आन्दोलनको गौरवपूर्ण इतिहासप्रति उच्च सम्मान प्रकट गर्दै नेपालको लोकतान्त्रिक आन्दोलनको क्रममा  शहीद हुनु भएका तथा वेपत्ता भएका सवै प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । एवम् शहीदका परिवारजन र विभिन्न आन्दोलन र मधेश आन्देलनको क्रममा अंगभंग भई कठिन जीवनयापन गरिरहनु भएका नगरवासीहरूमा भाव पूर्व श्रद्धापूर्वक नमन गर्दै वहाँहरुको त्याग र बलिदानप्रति कृतज्ञता व्यक्त गर्दछु । साथै महामारीको रुपमा रहेको कोभिड १९ (कोरोना) रोगले संक्रमित भै ज्यान गुमाउनु भएका नगरवासिहरु/देशवासीहरु प्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै संक्रमित भै उपचारमा रहेका नगरवासिहरु/देशवासीहरुको प्रती शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु।

३. नेपालमा राजनैतिक संक्रमण कालखण्डको अन्त्य भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई संस्थागत गर्न नेपाली जनताको त्याग र वलिदानबाट हालसम्म प्राप्त भएका राजनैतिक उपलब्धिहरुको रक्षा गर्दै विद्यमान गरिबी पछ्यौटेपन, सामाजिक अन्धविश्वास र विभेदको अन्त्य गरी यस हँसपुर नगरपालिकालाई समृद्ध बनाउने जिम्मेवारी हामीमा आएको छ ।

४. जनताको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न यो सरकार आवश्यक संस्थागत र व्यवस्थापकीय प्रबन्ध मिलाउदै अघि बढिसकेको व्यहोरा यस अवसरमा अवगत गराउन चाहन्छु ।

५. नेपाल सरकार तथा प्रदेश सरकारको आ.व. ०७८।०७९ को बजेट वक्तव्य मार्फत घोषित योजना तथा कार्यक्रमहरु सम्पन्न गर्न नेपाल सरकार र प्रदेश सरकारलाई सफलता मिलोस भन्ने शुभकामना व्यक्त गर्दै यस हँसपुर नगरपालिकाले पूर्ण रुपमा सहयोग र सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

६. यस चालु आ. व. को वजेट तर्जुमा गर्दा नेपालको संविधानमा उल्लिखित नागिरकका मौलिक हक, राज्यका निर्देशन सिद्धान्त र प्राथमिकता नगरपालिकाको नीति तथा कार्यक्रम नगर सभाको माननीय सदस्यज्युहरुले दिनुभएको सुझावहरु, पूर्व वजेट छलफलका क्रममा प्राप्त हुन आएका रचनात्मक सुझावहरु तथा आ. व. २०७७।०७८ को तोकिएका उल्लिखित महत्वपूर्ण कार्यक्रमहरुलाई यो वजेट तर्जुमाको मार्ग दर्शनको रुपमा लिएको छु ।

**सभा अध्यक्ष महोदय,**

**अब म स्थानीय सरकारका चुनौतीहरु प्रस्तुत गर्न चाहन्छु ।**

७. यो सरकार सामु कोभिड १९ को महामारीले गर्दा विकास निर्माण लगायत अन्य क्रियाकलापहरू सम्पन्न गर्न चुनैती पुर्ण देखिएको छ ।

८. यो सरकारका सामु मुख्य रुपमा देहायका बाधा, अवरोध र चुनौतीहरु देखिएका छन् । जनतामा राजनैतिक परिवर्तनको अनुभूति हुने गरी समाजलाई आर्थिक सामाजिक रुपले रुपान्तरण गर्ने कार्य सबै भन्दा ठूलो चुनौतीको रुपमा रहेको छ ।

स्थानीय शासन व्यवस्था संचालनका लागि आवश्यक प्रशासनिक संरचनाहरु तयार भइ नसकेको र दक्ष जनशक्तिको कमि रहेकोले उपलब्ध श्रोत साधनको कुशल विनियोजन गरी विकास आयोजनाहरुको दक्षतापूर्वक कार्यान्वयन गर्ने तथा सार्वजनिक खर्चमा अनुशासन कायम गर्ने कार्य चुनौतीपूर्ण देखिएको छ ।

सरकार प्रतिको जनविश्वासलाई मजवुत वनाई प्राप्त संघीय लोकतान्त्रिक शासन प्रणालीलाई थप संस्थागत र दिगो बनाउदै लैजानु पर्ने जिम्मेवारी हाम्रो आएको छ ।

**बजेटका उद्देश्य**

९. यो बजेटका उद्देश्यहरु यस प्रकार छन्

जनताका बीचमा सरकारको बलियो उपस्थिति देखाउने ।

- कोभिड १९ (कोरेना) रोगबाट मुक्त गर्ने उपायहरू कार्यवन्यन गर्ने ।
- स्थानीय शासन व्यवस्था संचालनका सम्पूर्ण पूर्वाधारहरु तयार गरी जनताका सुशासनको प्रत्याभूति दिने ।
- नागरिकको आयस्तरमा सुधार गरी गरिबी न्युनीकरण गर्ने ।
- स्थानीय आर्थिक एवं सामाजिक रुपान्तरणका आधारशिला तयार गर्दै जाने ।

**बजेटका प्राथमिकता**

१०. यस चालु आ. व. को बजेटका प्राथमिकता देहाय अनुसार रहेका छन ।

- कोभिड १९ महामारीबाट प्रभावित क्षेत्रको विकास
- सुशासन
- भौतिक पुर्वाधर निर्माण तथा सामाजिक विकास

- नीतिगत कानुनी एवं संरचनागत प्रवन्ध
- सार्वजनिक सेवा प्रवाहमा सुधार र सार्वजनिक खर्चमा वीत्तीय अनुशासन र पारदर्शिता
- बालबालिकाको हकहितको संरक्षण एवं महिला सशक्तीकरण तथा क्षमता विकास
- उद्यमशीलताको विकास र रोजगारी सृजना
- स्थानीय मौलिकता ऐतिहासिक तथा सांस्कृतिक धरोहरहरुको संरक्षण र प्रवर्ध्दन
- सरसफाइ एवं वातावरणीय स्वच्छता अभिवृद्धि
- संघ र प्रदेश सरकारसँग सौहार्दपूर्ण सम्वन्धको विकास तथा सहकार्य ।

११. संविधान बमोजिम यस स्थानीय सरकारले संघ र प्रदेश तह बीचको सम्वन्धलाई अघि बढाउने छ ।

**सभाअध्यक्ष महोदय,**

### बजेट कार्यान्वयन

१२. बजेटमा प्रस्तुत भएका कार्यक्रमहरुको समयवद्ध कार्ययोजना तयार गरी आर्थिक वर्षको अन्त्यसम्ममा नै कार्यान्वयन गरिनेछ । कार्यक्रमको कार्यान्वयनका लागि हरेक क्षेत्रका आवश्यक ऐन, नियमावली तथा कार्यविधिहरुको तर्जुमा र परिपालनाको माध्यमबाट खर्चमा हुन सक्ने अनियमितता रोकिनेछ ।

१३. प्रतिनिधि एंव कर्मचारीहरुको क्षमता विकास तथा नियमित अनुगमनको माध्यमबाट बजेट कार्यान्वयनलाई सहज बनाइनेछ ।

१४. यस चालु आ.व. २०७७।०७८ मा विनियोजित बजेट मध्ये पूंजिगत र चालु गरि कुल ९० प्रतिशत खर्च हुने अनुमान गरिएको छ ।

**सभाअध्यक्ष महोदय,**

१५. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन तथा स्रोत व्यवस्थापन योजना प्रस्तुत गर्दछु ।

१६. यस चालु आर्थिक वर्षका निती तथा कार्यक्रम कार्यान्वयन गर्न रु ६५ करोड ३८ लाख ५६ हजार विनियोजन गरेको छु । कुल विनियोजन मध्ये रु.४५ करोड ८६ लाख ७९ हजार ९ सय ८४ रूपैया अर्थात ७०.१५ प्रतिशत पूंजिगत र रू. १९ करोड ५१ लाख ७६ हजार १६ रूपैया अर्थात २९.८५ प्रतिशत चालु खर्चमा विनियोजन गरेको छु ।

१७. यस चालु आर्थिक बर्षमा अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये राजश्व बाँडफाडबाट रू. ८ करोड २ लाख ६४ हजार, नेपाल सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान रू.१२ करोड ५७ लाख र संघिय सरकारबाट हस्तान्तरित विभिन्न कार्यक्रम लागि सशर्त अनुदानबाट रू. २० करोड १३ लाख, प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान ८५ लाख ९२ हजार, प्रदेश सरकारबाट विषेश अनुदान रू. ३० लाख, प्रदेश सरकार सम्पूरक अनुदान रू. २० लाख तथा नगरपालिकाको राजश्वबाट अनुमानित ६ करोड र गत आ. व. २०७७।०७८ को चालु तथा पूंजिगतबाट अ.ल्या. गरिएको मौज्दात रु. १६ करोड ५० लाख गरी संतुलित बजेट अनुमान गरेको छु ।

१८. यस चालु आ.ब. मा पूर्वाधार विकासका कार्यलाई प्राथमिकता दिई पूर्वाधार विकासमा रु. ३१ करोड ४२ लाख ९२ हजार विनियोजन गरेको छु ।बातावरण तथा विपद् व्यवस्थापनका रु. ५ करोड तथा कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चको लागि रू. ८ करोड २ लाख ६४ हजार विनियोजन गरेको छु ।

१९. अब म आर्थिक बर्ष २०७८।०७९ को राजश्व परिचालन सम्बन्धी नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

२०. नेपालको संविधानले यस पालिकालाई प्रदान गरेको राजश्व परिचालनको अधिकारको कार्यान्वयनको शुरुवात पालिकामा हुँदैछ ।यसका लागि आवश्यक पर्ने कर तथा गैरकर राजश्व सम्बन्धी कानुनहरुको तर्जुमा स्वीकृतिको लागि यस सम्मानित सभा समक्ष पेश गरिएको छ ।

२१. यस पालिकाको राजश्व परिचालन गर्न संस्थागत व्यवस्था गरिनेछ ।

२२. स्थानीय तहहरु तथा सरोकारवालासँग समन्वय गरि राजश्वका वर्तमान दरहरु पुनरावोलकन गरिनेछ ।

२३. कृषि क्षेत्रको दैनिय अवस्थालाई मध्य नजर गर्दै कृषिमा आय कर नलाग्ने व्यवस्था गरेको छु ।

२४. यो बजेट तर्जमा गर्दा मार्गनिर्देश प्रदान गर्नुहुने सम्मानित सभाका सभाअध्यक्ष ज्यू र नगर सभाका सदस्य ज्यूहरु प्रति अभार प्रकट गर्दछु ।

२५. निजीक्षेत्र सँग सम्बन्धित संघ संस्थाहरु, नागरिक समाज, समाजिक संस्था, संचार जगत, विषयविज्ञ, राजनीतिक दलका प्रतिनिधी तथा राष्ट्रसेवक कर्मचारी र विदेशमा रहनुभएका यस नगरवासीसबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

२६. अन्तमा यो बजेटको सफल कार्यान्वयनमा सबैको सहयोग पाउने विश्वास व्यक्त गर्दछु ।

# हँसपुर नगरपालिकाको आ.व. ०७८/०७९ को अनुमानित आय

| सि.नं. | विषय क्षेत्र | विनियोजित रु | श्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | वितीय समानिकरण अनुदान | रू. १२,५७,००,०००।– | संघीय सरकार | |
| २ | सशर्त अनुदान | रू. २०,१३,००,०००।– | संघीय सरकार | |
| ३ | राजस्व बाँडफाँड | रू. ८,०२,६४,०००।– | संघीय सरकार | |
| ४ | सामाजिक सुरक्षा कार्यक्रम | | | |
| ५ | बहुक्षेत्रीय पोषण कार्यक्रम | | | |
| ६ | गरीबसंग बिशेस्वर कार्यक्रम | | | |
| ७ | प्रदेश वितीय समानिकरण अनुदान | रू. ८५,९२,०००।– | प्रदेश सरकार | |
| ८ | प्रदेश सशर्त अनुदान | रू. ८०,००,०००।– | प्रदेश सरकार | |
| ९ | सडक वोर्ड नेपालको कार्यक्रम | | | |
| १० | युनिसेफ अन्तर्गतको कार्यक्रम | | | |
| ११ | प्रदेश विषेष अनुदान | रू. ३०,००,०००।– | प्रदेश सरकार | |
| १२ | प्रदेश समपुरक अनुदान | रू. २०,००,०००।– | प्रदेश सरकार | |
| १३ | आन्तरिक आय | रू. ६,००,००,०००।– | स्थानीय सरकार | |
| १४ | गत आ.व.को बैक मौजाद | रू. १६,५०,००,०००।– | स्थानीय सरकार | |
| १५ | तराइ मधेश समृद्धि कार्यक्रम | | | |
| १६ | अन्य | | | |
| | **जम्मा** | रू. ६५,३८,५६,०००।– | | |

धन्यवाद